"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती ई-बुलेटिन

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

२०८१ जेठ १५ गते आइतवार
Sun , May 28 2024
● वर्ष-१ | ● अंक-९

Email :rraptimunicipality42@gmail.com

समृद्ध राप्ती - ई बुलेटिन  web : www.raptimunchitwan.gov.np  SAMBRIDHHA RAPTI - E-bulletin


**श्री शमशेर लामा**
नगर प्रमुख
सम्पर्क : ९८५५०६२२३२


**श्री देवेन्द्र लामा**
नगर उप प्रमुख
सम्पर्क : ९८५५०५०६१०


**श्री शैलेन्द्र भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क : ९८५५०४३१११


**श्री दिपक थिङ**
सूचना अधिकारी
सम्पर्क : ९८६०८३६३९४

# राप्तीका मेयरको दुई बर्ष अबरोध थिचोल्दै उल्लेख्य उपलब्धि




राप्ती । चितवनको राप्ती नगर पालिकामा मेयर शमशेर लामाले नेतृत्व गरेको दुई बर्ष पुरा भएको छ । दुई ठुला दल नेपाली काँग्रेस र एमालेका जनप्रतिनिधिहरुको अबरोध थिचोल्दै उनले नगरको विकासमा उपलब्धि हासिल गरेका दावी गरेका छन् । उनले नेतृत्व सुरु गरेपछि नगरको मुहार फेरिन सुरु भएको छ । उनले विकास निर्माण र नगरबासीको चाहना र गरिवी निबारणलाई प्राथमिकता दिएर काम गरेका छन् । उनले नगरबासीको आधारभूत आवश्यकता पुरा गरी विकासका काम अगाडि बढाएका छन् । नगरको भौगोलिक अवस्था र यसको आधारमा उनी जनताको प्राथमिकता र आवश्यकता पहिचान गरी त्यसको समाधानमा लागि प्रयासरत छन् । मेयर लामाले नगरको शिक्षा र स्वास्थ्यमा चित बुझ्दो परिवर्तन गरेका छन् । उनले नि:शुल्क शिक्षा र स्वास्थ्यको अवधारणा कार्यान्वयनमा लगेका छन् । राप्तीका जनताले अहिले पढ्न पैसा तिर्नु पर्दैन । स्वास्थ्य सेवा सहज भएको छ । आफ्नो कार्यकालमा उनले विपन्न घर बनाउने घोषणा गरे । उनले ५०५ घर बनाउने प्रतिवद्धता अनुरुप काम सुरु गरेका छन् । तर राप्तीमा राजनीतिक द्वन्द र टकरावले जनताले विकासको पर्याप्त प्रयोग गर्न पाएका छैनन् । मेयर र उपमेयरको कार्यकक्षामा जनप्रतिनिधिले नै लगाएको ताला तीन महिना सम्म खुल्न सकेको छैन् । सोही कारणले विकासमा ढिलाई भएको छ । जनप्रतिनिधि बीचको अनावश्यक द्वन्दल दुई बर्षमा मेयर लामाले सोचे जस्तो काम गर्न नसकेको बताए । अबरोधका बीच

मेयर लामाले सीमान्तकृत चेपाङ समुदायलाई आबास निर्माण देखि उनीहरुको जीवन स्तर उकास्ने गरी पालिकाको योजनालाई विकटमा उकालेका छन् । घन्टौं हिड्नुपर्ने कान्देलीको लागि, सुत्केरीको पीडामा तड्पिएका वासवाङका महिलाहरुको लागि, छाना नभएकाहरुका लागि, भोकाएकाहरुको भोक मेटाउनकै लागि शमशेर लामाले योजनालाई पहाड केन्द्रीत गरेका हुन । ६५ प्रतिशत भुभाग विकट रहेको राप्ती नगरपालिकाको मुहार एकै पकट फेर्न मुश्किल छ उनले भने चुडकीमै समृद्ध नगरको खाका कहाँ कोर्न सकिन्छ । जनताको मत पाएपछि भो काएकाहरुको भोक मेट्नु पर्छ भन्दै मेयर लामा विकटका बस्तीहरुमा पुग्ने गरेका छन् । विकटमा जाँदा उनी रित्तो हात जादैनन, नाना, छाना र खाना लिएर उनी बस्तीमा पुग्ने पहिलो मेयर हुन । आत्मनिर्भर जनताको परिकल्पना सहित मेयर लामाले आफ्नो दोस्रो कार्यकाल बर्ष पुरा गरेका छन् । म आफै राप्तीमा जन्मिएर यही हुर्किएर अहिले राप्तीकै नेतृत्व गरिरहेको छु उनले भने अध्ययनको क्रममा केही समय म नगर भन्दा वाहिर रहेता पनि आफ्नै क्षेत्रमा केही गर्ने उद्देश्यले राजनीतिको माध्यमवाट जनताको सेवामा लागि परेको छु । २०७४ को स्थानीय तहको निर्वाचनमा वडा नं ४ को अध्यक्ष र २०७९ जेठ को निर्वाचमा मेयर भएका उनी ओडारमा बस्ने चेपाङ देखि आलिसान महलमा बस्ने सम्मका व्यक्तिको अभिभावक हुन । बस्ने वास नभएका, खाने गाँस नभएका जनताको नेतृत्व गर्नु उनको लागि कम चुनौतीपूर्ण थिएन् । आधा जनतालाई छिटो विकास चाहिएको थियो उनले भने सडक निर्माण, खाने पानी, यातायाता र विद्युत्को पहुँच पुगोस भन्ने थियो । दुई बर्षको अबधिमा मेयर लामाले ३२५ विपन्न परिवारको लागि आबास निर्माण गरेका छन् । शिक्षाका परिर्वतन ल्याउन उनले ठुलै कसरत गरे ।

राप्तीका ४९ सामुदायिक विद्यालयमा नि:शुल्क शिक्षा अन्तर्गत हरेक बर्ष १३ हजार विद्यार्थीले नि:शुल्क अध्ययन गरिरहेका छन् । विकट क्षेत्रमा आवसीय विद्यालय सञ्चालनको लागि तयारी गरिएको छ । स्वास्थ्यमा नगरबासीलाई नि:शुल्क एम्बेलेन्स, बिरामीलाई नि:शुल्क रगत, १० हजारको नि:शुल्क स्वास्थ्य बिमा, हरेक हप्ता घरघरमा नि:शुल्क स्वास्थ्य परीक्षण, कान्दामा स्वास्थ्य केन्द्र, वासवाङ्गमा वर्थिङ्ग सेन्टर सुरु गरिएको छ ।

नमुना कान्दाको अभियान अन्तर्गत सडक विस्तार, वडा नं १३ मा टेलिकमको पहुँच, कान्दामा फोर जि इन्टरनेट सेवा विस्तार, विकटमा पिसानी मिलको व्यवस्था गरी दैनिक जीवनयापनलाई सहज बनाएको मेयर लामाले बताए । कृषि तर्फ कृषि एम्वुलेन्स खरिद, उत्पादनलाइ सहजीकरण, सिंचाइको लागि स्यालो बोरिङ्ग वितरण, बेमौसी तरकारीलाई प्रोत्साहन र टनेलको व्यवस्था, ८० प्रतिशत लागत साझेदारीमा मिनी टिलर र धान काट्ने रिपर अनुदानमा वितरण, मौरीमा अनुदान र विमा कार्यक्रम सञ्चालन गरिएको छ । भुमिहिन दलित, सुकुम्वासी, अव्यवस्थित बसोवासीको जग्गा नापजाँच गरी निस्सा वितरण गरिएको छ । बागमती प्रदेश सरकार को सहयोगमा चेपाङ्ग समुदायको लागि चिउरी चमेरो संरक्षण कार्यक्रम तथा पहाडी वडामा एकीकृत बस्ती निर्माणसमे त भएका छन् । नागरिकको गुनासो सुन्न र उनीहरुको आबश्यकता पहिचान गर्न जनतासंग मेयर कार्यक्रम सुरु गरिएको छ । राप्ती नगरपालिकालाइ प्रविधिमैत्री बनाइएको छ । नगरको प्रशासनिक काम प्रविधिमैत्री र डिजिटल माध्यम वाट भइरहेका छन् । सो नगर पालिकाले चालु आर्थिक बर्ष देखि दिगो आयआर्जनको उद्देश्यलाई प्राथमिकतामा राखि नगरलाई कफी जोन घोषणा गर्न वडा नं १३ स्थित गुन्दीमा कफीको विउ रार्ख्दै कृषकलाई अनुदानमा कफी खेती सुरु गरिएको छ ।

# गणतन्त्र दिवस

जनआन्दोलन २०६२, ०६३ पछि प्रत्येक जेठ १५ गते गणतन्त्र दिवस मनाईंदै आएको छ ।

गणतन्त्रको शाब्दिक अर्थ
सुरुवात गर्न चाहयौं गणतन्त्रको अर्थबाट र यहाँ विश्व प्रसिद्ध अङ्ग्रेजी विश्वविद्यालय क्यामब्रिजको परिभाषा सापट लिंदैछौ जसका अनुसार गणतन्त्रात्मक शासन पद्धति भनेको यस्तो राज्य व्यवस्था हो जहाँ राजा वा रानी नभईकन जनताद्वारा चुनिएका प्रतिनिधि हरुले शासन गर्ने गर्दछन् ।

नेपालमा गणतन्त्र

नेपालमा गणतन्त्र आउनु अगावै र ाष्ट्रप्रमुख हुन कालागि
राजपरिवारमै जन्मिएका व्यक्ति अर्थात् राजाका छोराछोरी,
 राजपाटमा हुर्किएका शाही सदस्य मात्र हुन पाउने व्यवस्था थियो । समयको परिवर्तन हेरौं, आज स्वतन्त्र अनि गणतान्त्रिक नेपालमा जन्मिएका हरेक नागरिकले आफ्नो स्वतन्त्रता, राष्ट्र प्रेम अनि स्वछन्दताका आधारमा भविष्यको
राष्ट्रपति हुने सम्भावना
 बोकेर जन्मिएका छन् । आज
नेपालमा विभिन्न ७ वटा
प्रदेशहरु अनि प्रादेशिक शासन स्वरुपमा गणतन्त्रको नयाँ खाका कोरिई पनि सकिएको छ ।, सघीय स्वरुपमा । विक्रम संवत् २०६५ साल जेठ १५ गते ऐतिहासिक संविधानसभाको पहिलो बैठकले एक शताब्दी लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई सघीय गणतान्त्रिक मुलुक घोषणा गरिएको थियो । जनआन्दोलन २०६२ र ०६३ को जगमा गणतन्त्र घो षणा भएको
ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष ज्येष्ठ १५ गते
 देशभर विभिन्न कार्यक्रम गरी यो मनाइदैछ । १० वर्षे सशस्त्र जनयुद्ध र १९ दिने जनआन्दोलनको बलमा स्थापित जहानियाँ राजतन्त्र अन्त्य भएर मुलुक गणतन्त्रमय
बनेको थियो । ऐतिहासिक दिनको सम्मान स्वरुप
हरेक वर्षको ज्येष्ठ १५ गते
नेपालले आफ्नो गणतन्त्र दिवस मनाउँदछ । ज्येष्ठ १५ गतेको यसै ऐतिहासिक दिनको सम्मान स्वरुप सरकारले आज सार्वजनिक बिदा दिएर यसलाई सम्मान, गौरव र लो कतान्त्रिक गणतान्त्रिक मुलुकको उपलब्धिलाई उत्सवको रुपमा सारा नेपालीले मनाउने गर्दछन् ।
सहिदको बलिदान
१० वर्षे सशस्त्र द्वन्द्व मा वीरगति पाएका ती तमाम नेपाली अमर आत्माहरुलाई चीर शान्ति प्राप्त होस् । वहाँहरुको त्यो बलिदानको वास्तविक कदर कतै कुनै कार्यक्रममा
केही लाख रुपैयाँ खर्च गरेर र वहाँहरुको नाममा चोक र
चौतारा बनाएर मात्र कदापि हुनै सक्दै न, त्यो केवल गणतन्त्रको संस्थागत अभ्यासले मात्र हुन सक्छ ।
गणतन्त्र दिवस २०८१, १७ औं गणतन्त्र दिवस
सरकारले गणतन्त्र दिवसलाई बढीभन्दा बढी नागरिकको सहभागितामा भव्यताका साथ मनाउने भएको छ। प्रधानमन्त्री तथा
मन्त्रिपरिषद्को कार्यालयमा बसेको ' गणतन्त्र दिवस २०८१ मूल समारोह समिति'को बैठकले उक्त निर्णय गरेको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को सचिवालयले जनाएको छ।यही जेठ १५ गते गणतन्त्र दिवस मनाईंदैछ। बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म र भावनाअनुसार 'गणतन्त्र दिवस'लाई भव्य र सभ्य बनाउन मातहतका निकायलाई निर्देशन दिएका छन्। बैठकमा उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री एवं गृहमन्त्री नार ायणकाजी श्रेष्ठ, मन्त्रीहरु र नेपाल सरकारका सचिवको उपस्थिति थियो। मूल
समारोह समितिले विभिन्न उपसमिति गठन गरेको छ।

आज के के गरिन्छ ?
आजको दिन एउटा गर्व अनि उत्साहको दिवस हो तसर्थ आज नेपाली सेनाले बिहानै बिगुल फुकेर जनाउ दिने गर्दछ । टुँडिखेल काठमाडौं लगायत देशैभरका थुप्रै ठाँउहरुमा आज भेला, कार्यक्रम अनि
अन्तरक्रिया गर्ने
गरिन्छ । साँझमा गणतन्त्रका अथक योद्धा सहिदहरुको सम्झनास्वरुप मै नबत्ती बाल्ने कार्यक्रम पनि
गरिन्छ । गणतन्त्र दिवसका अवसर मा आज ७ वटै
प्रदेशमा प्रभात फेरि, खेलकुद, प्रवचन, गोष्ठी एवं सांस्कृतिक कार्यक्रम समे त हुँदै छ । त्यसै गरी विदेशस्थित ने पाली
राजदूतावास, कूटनीतिक नियो ग तथा वाणिज्य दूतावासहरुमा विभिन्न कार्यक्रम गरिनेछ भने साँझमा दीपावलीको उल्लासमय कार्यक्रमहरु समेत राखिएको छ । यसैबिच गणतन्त्र दिवसको उपलक्ष्यमा छिमेकी मुलुकहरु चीन र भारत सहित अन्य मुलुकका प्रमुखहरुले शुभकामना दिँदै नेपालमा शान्ति र समृद्धिको नयाँ ढोका खो लिने विश्वास
गरेका छन् । गणतन्त्र दिवसलाई जनता सार्वभौम भएको सुखद र उल्लासमय दिनका रुपमा मनाइन्छ । ।
नेपाली हामी रहौंला कहाँ
नेपालै नरहे, युगौं यूगान्तरसम्म सिम्रिक
रङ्गले नेपाली पहिचानको बयान गरोस्, अमर ख्याति प्राप्त गर्न सकोस् । मन अनि वन दुवै तर्फ डाँफे उडोस्,
नेपाली टोपी र सगरमाथा उच्च रहून् अनि विधिको शासन कायम रहोस्, दे शले
राजनीतिक, सामाजिक, आर्थिक स्थिर ता प्राप्त गर्न सकोस् । गणतन्त्र दिवसको सार्थक शुभकामना, हिमाल, पहाड,
तराई सबैतिर गणतन्त्र दिवस र राष्ट्रिय एकताका लहर एकै स्वर भई फैलिउन् । हो म
नेपाली हो, नेपाली हुनुमा गर्व छ र यो गर्व शक्ति बनी रहोस् ।
 नेपालीको जय होस्, मेरो नेपालको जय होस् । शुभकामना




## सम्पादकीय

### आज गणतन्त्र दिवस

आज गणतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइँदैछ । जननिर्वाचित पहिलो संविधानसभाबाट २०६५ जेठ १५ गते निरंकुश राजतन्त्रको विधिवत् अन्त्य गर्दै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भको घोषणा भएको दिनलाई गणतन्त्र दिवसको रुपमा मनाउने गरिएको छ ।

 वि.सं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा
 माओवादी बीच पूर्ण लोकतन्त्र स्थापनाका लागि १२ बुँदे समझदारी भएको थियो ।
वि.सं २०६२ मंसिरमा १२ बुँदे
समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो । वि.सं २०६२ फागुनदेखि सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो । नयाँ वर्षसँगै लाखौं जनता सडकमा आए । अन्ततः तत्कालीन राजा ज्ञानेन्द्र शाहले आन्दोलनरत दलको मार्गचित्र बमोजिम वि.सं २०६९ जेठ ८ गते विघटन भएको संसद् पुनः स्थापना गर्न बाध्य हुँदै बैठकसमेत आह्वान गरे ।
वि.सं २०६३ जेठ ४ गते बसेको पुनर्स्थापित संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गऱ्यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो । यसलाई
 नेपाली 'म्याग्नाकार्टा' पनि भनिन्छ । यसैको जगमा वि.सं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गऱ्यो ।
पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि धेरै काम गरेको थियो । वि.सं २०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो ।

### महत्वपुर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३९४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५८८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इ. प्रहरी कार्यालय भण्डारा : ९८५५०९०३०३
दमकल :०५६५८२५४६
विघुत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

सञ्चार माध्यम सर्म्पक न
हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८१११८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ मगर : ९७६२३४५७४५

# नगद सहित ७ किसान सम्मानित
# ६ वटा समुहलाइ हाते ट्याक्टर वितरण



राप्ती । राप्ती नगर पालिकाका ७ किसानलाइ नगद सहित सम्मान गरिएको छ । शनिवार उद्धार स्वंयम सेवक आवद्ध सामाजिक स.स्था नेपालको सहयोगमा ७ जनालाइ नगद तथा ६ वटा समुहलाइ प्रविधि हस्तान्तरण गरिएको हो । कार्यक्रममा राप्ती नगर प्रमुख शमशेर लामाले किसानमुखि सरकार भएको र यसका लागी आवश्यक पहल सुरु भएको बताए । किसानले जे जे चाहेका छन , सवै पुरा गर्न नसके पनि त्यसको लागी आवश्यक पहल सुरु भएको प्रमुख लामाले बताए । लामाका अनुसार किसान दाजुभाइसंग छलफल गरौ,अनुभव साटसाट गरौ भन्ने उदेश्यले कार्यक्रम राखिएको बताए । उनका अनुसार राप्तीका किसानलाइ प्रविधि मैत्री बनाउने उद्देश्य रहेको भन्दै अगाडी बढ्ने बताए । कृषि पेशामा रहनु भएका जनतालाइ अझ दिगो योजना सार्वजनिक गर्दै जाने प्रमुख लामाले बताए । अहिलेको अवस्थामा राप्तीलाइ आत्मनिर्भर बनाउनको लागी कृषिको विकल्प नरहेको उनले बताए । राप्तीमा कृषि क्षेत्रमानै लागि परेका किसान सम्मानित भएको भन्दै खुशि व्यक्त गरे । कार्यक्रममा राप्ती नगरपालिका वडा नं ७ की अध्यक्ष सुमिता डल्लाकोटीले आफुले वडामा समेत कृषकमुखि बजेट ल्याएको र यसलाइ निरन्तरता दिने बताइन । वडा नं ७ को कृषकको मुहारमा खुशि ल्याउनको लागी आफु लाग्ने प्रतिवद्धता जाहेर गरिन । कार्यक्रममा नगरका प्रमुख प्रशासकीय अधिकृत शैलेन्द्र भण्डारीले वडा नं १०,११ ,१२ विकट भन्दै दया गर्नुभन्दा त्यहाको स्थानीय चिजलाइ बजारीकरणको आवश्यक पहल गर्नुपर्ने बताए । पहाडको उत्पादनलाइ बजारीकरणको लागी हामीले कृषि एम्वुलेन्स समेत ल्याएको उनले बताए । कार्यक्रममा नगद ५ हजार रुपैया सहित राप्ती १ वाट कौशला गोम्वा,कल्पना राइ,वडा नं २ वाट सागर चाम्लिङ , बुद्दिलाल श्रेष्ठ, वडा नं ४ वाट संगिता म राइ, वडा नं ९ वाट विवेक दवाढी र वडा नं १२ वाट सुनिता प्रजा सम्मानित भएका हुन ।

प्रविधि अनुदान अर्न्तगत भने राप्ती ११वाट जिम्लिङ समुह, मर्तोल समुह, चैथली समुह, वडा नं १२ वाट चौरालीटार समुह र वडा नं १३ वाट वासवाङ समुह र गुन्दि समुहलाइ हस्तान्तरण गरिएको छ ।

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हँदी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. २०८०/८१
च.नं. ३७६८
मिति:.....................

तालिम सञ्चालन सम्बन्धी सूचना
प्रकाशित मिति २०८१/२/१

भरतपुर युवा परिषदको सहयोगमा राप्ती नगरपालिकाले सञ्चालित गर्न लागेको तपशिलका तालिमहरुका लागि उल्लेखित मापदण्ड पुरा भएका प्रशिक्षार्थी माग भई आएको हुँदा राप्ती नगरपालिका भित्रका इच्छुक व्यक्तिहरु बाट सूचना प्रकाशित मितिले ५ (पाँच) दिन भित्र कार्यालयमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

| क.स | तालिम | तह एक (१६० घण्टे) | संख्या | उमेर | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्लम्बर | तह १ | २० जना | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | |
| २ | टेलरिङ | तह १ | २० जना | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | |

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

संलग्न हुनुपर्ने कागजातहरु
१. नागरिकताको प्रतिलिपि
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

सादर अवगतार्थ
श्रीमान् नगर प्रमुख ज्यू,
श्रीमान् नगर उप-प्रमुख ज्यू,
श्री वडा कार्यालय (न.१-१३)
जानकारीको लागि उद्यम विकास शाखा सम्पर्क नम्बर: [illegible]

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हँदी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं. ३७२८
मिति:.....................

तालिम सञ्चालन सम्बन्धी सूचना
प्रकाशित मिति २०८१/१/[illegible]

भरतपुर युवा परिषदको सहयोगमा राप्ती नगरपालिकाले सञ्चालन गर्न लागेको तपशिलको तालिमहरुका लागि उल्लेखित मापदण्ड पुरा भएका प्रशिक्षार्थी माग भइ आएको हुदा राप्ती नगरपालिका भित्रका इच्छुक व्यक्तिहरु बाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

तपशिल :

| क.स | तालिम | लेभल | संख्या | उमेर | कैफियत |
|---|---|---|---|---|---|
| १ | फेसन डिजाइनर | लेभल वान | २० | १८ वर्ष पुरा भई ४० | |
| २ | ब्युटिपार्लर | लेभल दुई | २० | १८ वर्ष पुरा भई ४० | |
| ३ | इलेक्ट्रिसियन | आधारभुत | ४० जना | १८ वर्ष पुरा भई ४० | |

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

संलग्न हुनुपर्ने कागजातहरु
१. नगरिकताको प्रतिलिपि
२. Leval 2 को हकमा Leval 1 को प्रमाणपत्रको प्रतिलिपि
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

सादर अवगतार्थ
श्रीमान् नगर प्रमुख ज्यू,
श्रीमान् नगर उप-प्रमुख ज्यू,
श्री वडा कार्यालय (नं १ - १३)

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हँदी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०८१/०८२
च.नं. ३८०३
०८१।१।३०
मिति:.....................

श्री .....................................
.....................................

विषय: दररेट पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व.०८०।०८१ मा संघीय सरकारबाट सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याड खरिद गर्नुपर्ने भएको हुँदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा स्वीकृत "सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६" को अनुसूचि १ मा भएबमोजिमको न्यूनतम मापदण्ड अनुसारमा फरक नपर्ने गरि तपशिलको कागजात सहित निम्नानुसारको ढाँचामा ७ दिनभित्र न्यूनतम दररेट पेश गर्नु हुन जानकारी गराइन्छ ।

तपशिल
१ फर्म दर्ता प्रमाणपत्र
२ करचुक्ता प्रमाणपत्र
३ नेपाल गुणस्तर तथा नापतौल विभागबाट पछिल्लो गुणस्तर परीक्षणको प्रमाणपत्र
४ सेनिटरी प्याडको स्याम्पल ( प्रति प्याकेट ८ पिस हुनुपर्ने )

ढाँचा

| S.N | Description of work | units | quantity | Rate NRs In fig | Rate NRs In words | Total NRs | Remarks |
|---|---|---|---|---|---|---|---|
| १ | सेनेटरी प्याड खरिद ultra thin type 240mm | प्याकेट | १ | | | | |
| २ | सेनिटरी प्याड खरिद ultra thin type 280mm | प्याकेट | १ | | | | |
| ३ | सेनिटरी प्याड खरिद ultra thin type 320mm | प्याकेट | १ | | | | |
| | | | | | जम्मा | | |
| | | | | | भ्याट 13% | | |
| | | | | | जम्मा | | |

फर्मको नाम:
छाप
हस्ताक्षर
मिति

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं. ३८५८

मिति: २०८१/०२/०४

श्री वडा कार्यालयहरु १ देखि १३ सबै,
राप्ती नगरपालिका, चितवन।

विषय: योजना सम्झौता सम्बन्धी अत्यन्त जरुरी सम्बन्धमा ।

प्रस्तुत विषयमा यस राप्ती नगरपालिकाको मिति २०८१/०२/०२ को निर्णय अनुसार यस चा.लु आ.व.२०८०/८१ को लागि विनियोजित भइ वडा कार्यालय/विषयगत शाखाबाट उपभोक्ता समितिहरु मार्फत सम्पादन हुने योजना तथा कार्यक्रमहरुको कार्यन्वयनका लागि मिति २०८१/०२/१० समयसिमा भित्र सम्झौता गरिसक्नुपर्ने भएकोले सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ। अन्यथा भुक्तानी तथा कार्य सम्पादनको गुणस्तर तथा परिमाण समेतमा आउन सक्ने जटिलता समेतको जवाफदेहिता सम्बन्धित आफै हुनुपर्ने व्यहोरा अनुरोध छ ।

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

---

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. ०८०/०८१
च.नं. ४०५२

मिति:.........२०८१।०२।१३

श्री वडा कार्यालय १ देखि १३ सबै,
राप्ती नगरपालिका, चितवन

**विषय: योजना सम्झौता सम्बन्धी अत्यन्त जरुरी सूचना।**

राप्ती नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरु कार्यन्वयनको लागि चालु आर्थिक वर्ष अन्त्य हुन निकै कम समय रहेको व्यहोरा यहाँहरु सम्पूर्णमा जानकारी नै छ।यस कार्यालयबाट मिति २०८१।०२।०४ च.न. ३८५७ को सूचना अनुसार योजना सम्झौता गर्ने अन्तिम समयसिमा २०८१।०२।१० तोकिएकोमा योजना सम्झौताको लागि निकै थोरै योजनाहरु पेश भएको हुँदा वडा कार्यालय/ विषयगत शाखा/ उपभोक्ता समिति मार्फत सम्पादन हुने योजना तथा कार्यक्रमहरुको कार्यन्वयनको लागि मिति २०८१।०२।१७ गते सम्म सम्झौता हुने समयसिमा थप गरिएको हुँदा उल्लेखित समयसिमा भित्र योजना तथा कार्यक्रम सम्झौता गरि कार्यादेश लिनुहुन हुन आदेशानुसार अनुरोध छ।

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

---

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. ४०५८

मिति: २०८१/०२/१४

"श्रमाधान रोजगार मेला-२०८१" मा सहभागि हुने बारे सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा यहि मिति २०८१ जेठ १७ गतेदेखि जेठ ३० गतेसम्म ७ वटै प्रदेशमा हुन गइरहेको **"श्रमाधान रोजगार मेला -२०८१"** मा तपसिल बमोजिमको पोर्टलमा दर्ता गरी पाएक पर्ने मिति तथा स्थानमा इच्छुक **रोजगारदाता र रोजगारीको आकांक्षीहरुले** सहभागिता जनाइ लाभ लिनुहुन अनुरोध छ।

समय तथा स्थान

१. जेठ १७ र १८ गते विराटनगर, **सिटी प्यालेस होटेल एन्ड रिसोर्ट**
२. जेठ १९ र २० गते जनकपुर, **उद्योग वाणिज्य महासंघ**
३. जेठ २१ र २२ गते पोखरा, **पोखरा प्रदर्शनी केन्द्र**
४. जेठ २३ र २४ गते बुटवल, **बि.आइ.सी. सी.**
५. जेठ २५ र २६ गते सुर्खेत, **सिटी हल**
६. जेठ २७ र २८ गते धनगढी, **ॐ पार्टी प्यालेस**
७. जेठ २९ र ३० गते ललितपुर, **पाटन बहुमुखी क्याम्पस**

पोर्टलको लिंक :- **https://shramadhan.moless.gov.np/rojgarmela/** मार्फत अनलाइन फाराम खोलि विवरण भर्न सकिने वा क्युआर कोड स्क्यान गरि अनलाइन पोर्टलको लिंक खोलि विवरण भर्न सकिने छ।

थप जानकारीको लागि :- राप्ती नगरपालिकाको श्रम तथा रोजगार शाखाको सम्पर्क नं. ९८४५५६३८५८ मा सम्पर्क गर्न सकिनेछ।

---

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.

मिति: २०८१/०२/१५

सूचना !!! सूचना !!! सूचना !!!

विषय : दर रेट पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस राप्ती नगरपालिकाको आ.व. २०८०/८१ मा महिला तथा बालबालिका शाखाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत महिला गार्मेन्ट संचालनको लागि मेशिनहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक बिक्रेताहरुले के कति दर रेटमा तपसिलका सामाग्रीहरु उपलब्ध गराउन सक्नुहुन्छ सो को विवरण सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा गोप्य कोटेशन उपलब्ध गराईदिनुहुन अनुरोध छ।

तपशिल

| क.स. | विवरण | संख्या | दर रेट | जम्मा रकम |
|---|---|---|---|---|
| १ | फोर थ्रेड लक मेशिन | १ | | |
| २ | कनसाई मेशिन | १ | | |
| ३ | कटर मेशिन | १ | | |
| ४ | सिलाई मेशिन | ४ | | |
| ५ | फ्ल्याट लक मेशिन | १ | | |
| ६ | मिनी कटर | १ | | |
| ७ | कैंची | १० | | |
| ८ | टेबल (१६×६) | १ | | |
| ९ | टेबल(४×४) | १ | | |
| ८ | आईरन | २ | | |
| जम्मा | | | | |

आवश्यक कागजातहरु

१. निवेदन, संस्था दर्ता प्रमाण- पत्रको प्रतिलिपि ।
२. स्थायी लेखा नं को प्रतिलिपि र संस्थाको गत आ.व.को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

थप जानकारीको लागि महिला तथा बालबालिका शाखाको फोन नं ९८४५१३१४०९मा सम्पर्क गर्न सकिनेछ ।

---

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.

मिति: २०८१/२/६

संस्था दर्ता तथा नविकरण सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस राप्ती नगरपालिका भित्र सञ्चालित बैंक तथा वित्तीय संस्था ग र घ वर्ग अन्तर्गतका फाइनान्स कम्पनी, लघुवित्त संस्थाहरुले राप्ती नगरपालिकामा संस्था दर्ता गरेर मात्र सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ । यस राप्ती नगरपालिकाको कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका सम्पूर्ण संस्थाहरुले आ. व २०८०/८१ मा आफ्नो संस्था दर्ता नविकरण गर्नको लागि अनिवार्य रुपमा असार मसान्तसम्म तपशिल बमोजिमका कागजात सहित नगरपालिकाको राजस्व शाखामा पेश गरी संस्था नविकरण गर्नुहुन जानकारी गरिन्छ साथै यस सूचना जारी भएको ७ दिनभित्र लघुवित्त संस्था दर्ता गर्नुहुनको लागि सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपशिल

वित्तिय संस्था/लघुवित्त कम्पनीहरुको दर्ताको लागि आवश्यक कागजातहरु:

१) कम्पनी दर्ता प्रमाणपत्र
२) PAN प्रमाण पत्र
३) प्रवन्ध पत्र/विनियम
४) वडा कार्यालयको सिफारिस
५) कम्पनी /कार्यालयको लेटरहेड सहितको निवेदन
६) कम्पनीको छाप आदि।

संस्था नविकरणको लागि कागजातहरु:

१) नगरपालिकाबाट प्राप्त संस्था दर्ताको सक्कल प्रमाणपत्र

---

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.

मिति: २०८१/०२/०६

कोटेशन पेश सम्बन्धि सूचना

प्रकाशित मिति: २०८१/०२/०६

प्रस्तुत विषयमा यस राप्ती नगरपालिकाको आ.व. ०८०/८१ को लागि उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमी कृषकहरुको लागि ब्याले बोका वितरण प्रयोजनका लागि ७०% क्रस जातको बोयर बोका खरिद गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख भए अनुसारको दर रेट आवश्यक भएको हुँदा इच्छुक कृषक फर्महरु बाट सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालयमा कोटेसन पेश गर्नु हुन अनुरोध गरिन्छ ।

तपसिल :

| क्र. सं | वस्तुको विवरण | परिमाण | किलो | मुल्य/ दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | बोयर बोका | १ | ३० किलो माथि | | |

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

संलग्न हुनुपर्ने कागजातहरु

१ व्यवसाय दर्ता गरेको प्रमाणपत्र
२ स्थायी लेखा नम्बर(PAN) दर्ता प्रमाण पत्र
३ कर चुक्ता प्रमाण पत्र